

नोभेम्बर २८, २०२६
का लागि अध्याय ९

अगमवक्ता वा भविष्यवक्ताहरूलाई जाँच्ने



"प्रियहरू, हरेक आत्मा
वा अगमवक्तालाई
विश्वास नगर, तर
आत्मा वा
अगमवक्ताहरू
परमेश्वरका हुन् कि
होइनन् भनी जाँच;
किनकी धेरै झूटा
अगमवक्ता वा
भविष्यवक्ताहरू
संसारमा निस्केका
छन्।" (१ यूहन्ना ४:१)

परमेश्वरका जनहरूलाई सही मार्गमा डोऱ्याउन परमेश्वरले सधैँ अगमवक्ताहरू दिनुभएको छ। तर, अगमवक्ता वा भविष्यवक्ता हुँ भनी दाबी गर्ने सबैलाई परमेश्वरले पठाउनुभएको थिएन।.

त्यसबेला साँचो अगमवक्ताहरू पनि थिए जो पैसाको लोभले आफ्नो मिशनबाट बहकिएका थिए र झूटा अगमवक्ता वा भविष्यवक्ता बने। शेमायाको विषयमा पनि यस्तै भयो, जसले नहेमियालाई पाप गराउने प्रयास गर्न घूस स्वीकार गरेको थियो (नहेमिया ६:१०-१३)।

हामीले साँचो अगमवक्ता वा भविष्यवक्ताहरू झूटो हुन् भनेर कसरी छुट्याउन सक्छौँ? तिनीहरूबीच भिन्नता छुट्याउन बाइबलले हामीलाई कस्तो मार्गदर्शन दिन्छ?





- अलौकिक घटनाहरू
- बाइबलसँगको तालमेल
- ख्रीष्टको उच्च महिमा
- सकारात्मक प्रभाव
- पूरा भएका भविष्यवाणीहरू

अलौकिक घटनाहरू

"हे मेरा प्रभु, म तपाईंको यो दास तपाईंको सामु कसरी बोल्न सक्छु? मेरो शक्ति हराएको छ र मलाई सास फेर्न समेत गाह्रो भएको छ!" (दानियल १०:१७)



भविष्यवक्ताको सेवा प्रायः अलौकिक घटनाहरूसँगै हुन्छ, चाहे ती बाहिरी (चिन्हहरू) होऊन्, वा भविष्यवक्ता आफैँमा प्रकट भएका होऊन्।

बाहिरी अलौकिक घटनाहरू:



एलियाले अविश्वासीहरूलाई भस्म गर्न आगो बोलाएर आफूले अगमवक्ता वा भविष्यवक्ताको सेवा गरेको प्रमाणित गरे (२ राजा १:१०)



एक जना अज्ञात भविष्यवक्ताको वचनमा बेथेलको मूर्तिको वेदी नष्ट गरिएको थियो (१ राजा १३:५)

अगमवक्ता वा भविष्यवक्ताभित्र देखिने अलौकिक घटनाहरू:




दर्शनको बेला दानियल कमजोर र सास फेर्न नसक्ने भएका थिए (दानियल १०:१७)



दर्शन प्राप्त गर्दा प्रेरित यूहन्ना मरेको जस्तै भूइँमा ढलेका थिए (प्रकाश १:१७)

यी अलौकिक घटनाहरू आफैँमा भविष्यवक्ता प्रमाणित गर्न पर्याप्त छैनन्। शत्रु सैतानको शक्तिद्वारा झूटा भविष्यवक्ताहरूले पनि अलौकिक चिन्हहरू देखाउन सक्छन् (प्रकाश १३:१३)।



बाइबलसँगको तालमेल

"व्यवस्था र गवाहीतर्फ फर्क! यदि तिनीहरूले यस वचनअनुसार बोल्दैनन् भने, त्यसको कारण यो हो कि तिनीहरूमा उज्यालो वा परमेश्वरको आत्मज्ञान छैन।" (यसैया ८:२०)




यसैया ८:२० ले भविष्यवक्ताको सत्यता जाँच्ने स्पष्ट मापदण्ड प्रस्तुत गर्दछ: अगमवक्ता वा भविष्यवक्ता व्यवस्था (अर्थात् पञ्चपुस्तक) र गवाही (भविष्यवक्ताहरू मार्फत पछि प्राप्त आत्मप्रकाशहरू) अनुसार हुनुपर्दछ।


परमेश्वरले आफ्नो जनहरूको बुझ्ने क्षमता अनुसार भविष्यवक्ताहरू मार्फत आफ्ना ज्ञानहरू communicate (संचार) गर्नुभएको छ। यसलाई "प्रगतिशील सत्य" (progressive truth) भनिन्छ।

यसप्रकार, प्रत्येक युगको आफ्नै "वर्तमान सत्य" रहेको छ (२ पत्रुस १:१२)। तर, यो सत्य कुरा संचार गर्ने परमेश्वर हुनुभएकोले—र उहाँ परिवर्तन हुनुहुन्न (याकूब १:१७)—प्रत्येक नयाँ प्रकाश अघिल्ला प्रकाशहरूसँग मेल खाएको हुन्छ (यर्मिया २८:८)।

यस कारणले गर्दा, जुन भविष्यवक्ताको सन्देशले बाइबलीय शिक्षासँग तालमेल हुँदैन, त्यो झूटा भविष्यवक्ता हो भनेर प्रमाणित गर्छ (व्यवस्था १३:१-३)।







ख्रीष्टको उच्च महिमा

"“र येशू ख्रीष्ट शरीरमें आउनुभयो भनी स्वीकार नगर्ने हरेक आत्मा परमेश्वरको होइन। यो नै ख्रीष्ट विरोधीको आत्मा हो, जसको विषयमा तिनीहरूले सुनेका छौ कि यो आउँदैछ, र यो अहिले नै संसारमा आइसकेको छ।” (१ यूहन्ना ४:३)

येशूको ऐतिहासिकतालाई इन्कार गर्ने, वा आफ्नो सन्देशको केन्द्रबिन्दु उहाँलाई नबनाउने जुनसुकै भविष्यवक्ता झूटा भविष्यवक्ता हो (१ यूहन्ना ४:३)।


यससँग मेल खाँदै, साँचो भविष्यवक्ताले येशूका यी यथार्थहरूलाई स्वीकार गर्दछ:



उहाँको ईश्वरत्व




उहाँको देहधारण



उहाँको पापहीन जीवन



उहाँको प्रायश्चित्त मृत्यु



उहाँको पुनरुत्थान



उहाँको मध्यस्थताको सेवा




उहाँको दोस्रो आगमन

येशूको महिमा गर्ने भविष्यवक्ताहरूले आफ्नै पछि लाग्नेहरू बनाउने वा आफ्नो प्रचार गर्ने प्रयास गर्दैनन् (प्रेरित ४:१२)। तिनीहरू सेवा गर्न तयार हुन्छन् र जसकहाँ उनीहरू पठाइएको छ, उनीहरूको फाइदा उठाउँदैनन् (मर्कूस ९:३५; यूहन्ना १३:१६)।

सकारात्मक प्रभाव

झूटा भविष्यवक्ताहरूदेखि सावधान रहनु। तिनीहरू तिमीहरूकहाँ भेडाको वस्त्र लगाएर आउँछन्, तर भित्रबाट तिनीहरू हिंस्रक ब्वाँसाहरू हुन्। १५-१६ तिनीहरूको फलबाट तिमीहरूले तिनीहरूलाई चिन्नेछौ। के काँडाका बोटबाट अंगूर वा सिस्नुबाट नेभारा (अंजीर) टिप्न सकिन्छ र?" (मत्ती ७:१५-१६)



येशूका अनुसार, भविष्यवक्ताहरूलाई तिनीहरूको फलबाट चिन्न सकिन्छ (मत्ती ७:१५-१६)। यी फलहरू दुई किसिमका हुन्छन्, र दुवै सकारात्मक हुनैपर्छ।



सन्देशको फल:

सन्देशको फल: साँचो भविष्यवक्ताको सन्देशले चर्च वा विश्वासीको जीवन निर्माण गर्दछ, सान्त्वना दिन्छ र पछुताउ गर्न (पश्चात्ताप गर्न) बोलाउँछ (१ कोरिन्थी १४:३)।





प्रचारक (दूत) को फल:

भविष्यवक्ताको जीवन सुदृढ सिद्धान्त (sound doctrine) सँग मेल खाएको हुनुपर्छ। उदाहरणका लागि, उनले दश आज्ञामध्ये कुनै पनि आज्ञाको स्पष्ट उलङ्घन गरेर जीवन बिताउन सक्दैन (यहूदा १:१६)।







त्रुटिपूर्ण मानव भएकाले, भविष्यवक्ताहरूले गल्तीहरू र पाप गर्न सक्थे: योना परमेश्वरबाट भागे; पावलले जोन मार्कलाई गलत मूल्याङ्कन गरे; पत्रुसले यहूदी जस्तै जीवन बिताउने ढोङ गरे। तर त्यो उनीहरूको जीवनशैली थिएन।

पूरा भएका भविष्यवाणिहरू

"शान्तिको कुरा गर्ने भविष्यवक्ताको विषयमा, जब त्यस भविष्यवक्ताको वचन पूरा हुन्छ, तब त्यो भविष्यवक्तालाई साँच्चै नै परम प्रभुले पठाउनुभएको हो भनी चिनिनेछ।" (यर्मिया २८:९)





भविष्यवक्ताको भूमिका भविष्यका घटनाहरू घोषणा गर्ने (भविष्यवाणी गर्ने) सँग जोडिएको हुन्छ। यसरी, भविष्यवक्ताहरू छुट्याउने एउटा सरल सूत्र निकाल्न सकिन्छः यदि भविष्यवाणी सत्य हुन्छ भने, भविष्यवक्ता साँचो हो (यर्मिया २८:९); यदि भविष्यवाणी सत्य हुँदैन भने, भविष्यवक्ता झूटा हो (व्यवस्था १८:२२)।

तथापि, यो सूत्रका केही अपवादहरू छन् जसलाई हामीले सही ढङ्गले बुझ्नुपर्छ।

यदि निकट भविष्यमा कुनै राम्रो कुराको घोषणा गरिएको छ भने, त्यो सधैँ पूरा हुनैपर्छ (यिर्मया २८:१-४, १५-१७)।



यदि टाढाको भविष्यमा कुनै राम्रो कुराको घोषणा गरिएको छ भने, त्यो पूरा नहुन पनि सक्छ किनकि यो सर्तसहितको (conditional) हुन्छ (जस्तैः इस्राएलले मसीहलाई स्वीकार गरेमा भविष्यमा हुने भलाइको बारेमा यशैयाका भविष्यवाणीहरू)।



अनिष्टको भविष्यवाणी गर्ने कुराहरू सधैँ सर्तसहितका हुन्छन्। यदि पश्चात्ताप गरियो भने, भाग्य फेरिन्छ (जस्तै योनाको प्रचारपछि निनेवेमा भयो)।



“बाइबलको विकल्पमा अरू ज्ञान वा आत्मा कहिल्यै दिइएको थिएन—र न त कहिले यो दिन सक्छ; किनकी धर्मशास्त्रले स्पष्ट रूपमा भन्छ कि परमेश्वरको वचन नै त्यो मापदण्ड हो जसद्वारा सबै शिक्षा र अनुभवहरूको परीक्षा गरिनुपर्छ।”

एलेन जी. ह्वाइट, द ग्रेट कन्ट्रोभर्सी, पृष्ठ ७)

शैतानको सबैभन्दा अन्तिम धोका भनेको परमेश्वरको आत्माको गवाहीलाई निष्प्रभाव बनाउने हो। ’जहाँ दर्शन हुँदैन, त्यहाँ मानिसहरू नष्ट हुन्छन्” (हितोपदेश २९:१८)। साँचो गवाहीप्रति परमेश्वरका बाँकी जनहरूको विश्वासलाई डगमगाउनका लागि शैतानले चलाखी पूर्वक, विभिन्न तरिकाहरूबाट र विभिन्न माध्यमहरूबाट काम गर्नेछ। उसले मानिसहरूलाई भ्रमित पार्न नक्कली दर्शनहरू ल्याउनेछ, र झूटालाई साँचोसँग मिसाउनेछ, जसले गर्दा मानिसहरू यति घृणा गर्नेछन् कि दर्शनको नाम बोक्ने जुनसुकै कुरालाई उनीहरू अतिवादी वा कट्टरको रूपमा हेर्नेछन्; तर इमानदार आत्मा वा विश्वासीहरूले झूटा र साँचोबीच तुलना गरेर, ती दुईबीच भिन्नता छुट्याउन सक्षम हुनेछन्।

एलेन जी. ह्वाइट: सेलेक्टेड मेसेजेज, पुस्तक २, पृष्ठ ७८

परिशिष्ट: एलेन जी. ह्वाइटलाई भविष्यवक्ताको रूपमा स्वीकार गर्नु

एलेन जी. ह्वाइटलाई साँचो भविष्यवक्ताको रूपमा स्वीकार गर्नुअघि, सेभेन्थ-डे एडभेन्टिस्टहरूले उनको व्यक्तित्व र उनको सन्देशलाई बाइबलीय मापदण्डहरूसँग तुलना गरे जसले साँचो भविष्यवक्ताहरूलाई पहिचान गराउँछ।

अलौकिक घटनाहरू:	उहाँको दर्शनको समयमा, एलेनले सास फेर्न गाह्रो हुने भएको थियो, वा सामान्यभन्दा बढी शारीरिक शक्ति प्रदर्शन गर्ने जस्ता धेरै अलौकिक घटनाहरू देखाउनुभएको थियो (एउटा हातले ठूलो र भारी पारिवारिक बाइबल घण्टौंसम्म माथि उचाली राख्नेकी थिइन्।
बाइबलसँगको मेल:	हामीले उहाँका लेखोटहरूमा बाइबलीय सन्देशको विरोध गर्ने कुनै पनि कुरा भेट्टाउन सक्दैनौं। उहाँ आफैले सधैं बाइबल अध्ययन गर्न जोड दिनुभएको थियो र उहाँका लेखोटहरूलाई यसको उज्यालोमा जाँच्न अनुरोध गर्नुभएको थियो।
ख्रीष्टको उच्च महिमा:	उहाँको केन्द्रीय सन्देश सुरुदेखि नै एउटै थियो: ख्रीष्ट र ख्रीष्ट मात्र।
सकारात्मक प्रभाव:	जसले उहाँलाई व्यक्तिगत रूपमा चिनेको थियो र हामी जसले उहाँका लेखोटहरू पढेका छौं, दुवैले यो कुरा पुष्टि गर्न सकिन्छ कि उहाँको प्रभाव हाम्रो ईसाई अनुभवका लागि सकारात्मक रहेको छ।
पूरा भएका भविष्यवाणीहरू:	उदाहरणका लागि, लामो समय चलेको अमेरिकी गृहयुद्ध (१८६१ मा भविष्यवाणी गरिएको); वा सेभेन्थ-डे एडभेन्टिस्ट प्रेस रिभ्यू एण्ड हेराल्ड (Review & Herald) का सुविधाहरू नष्ट गर्ने आगलागी (१९०१ मा भविष्यवाणी गरिएको र १९०२ मा पूरा भएको)।